# इटहरी उपमहानगरपालिका

# भूमिकर (मालपोत) ऐन, २०७५

इटहरी उपमहानगरपालिका

नगर सभा सचिवालय

सुनसरी, १ नं. प्रदेश

# भूमिकर (मालपोत) ऐन २०७५

नगर सभावाट पारित मितिः२०७५।१२।०६

**प्रस्तावना :**

इटहरी उप महानगरपालिकालाई स्थानीय स्रोतको परिचालनमा सक्षम र प्रभावकारी बनाउन तथा संविधान तथा कानूनद्धारा प्रदत्त राजस्व र कर सम्बन्धि अधिकारको उपयोग गर्दै स्थानीय कर संकलन र व्यवस्थापनलाइ सक्षम बनाउन बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ (१) अनुसार अनुसूची ८ मा तोकिएको स्थानीय तहको एकल अधिकार बमोजिमे इटहरी उप महानगरपालिकालाई आफ्नो क्षेत्रभित्र भूमिकर (मालपोत) लगाउन सक्ने गरी प्रदान गरेको अधिकारलाई कार्यान्वयनमा ल्याउन र भूमिकर (मालपोत) असुल तथा व्यवस्थापन गर्ने प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्न, इटहरी उपमहानगरपालिकाको नगरसभाबाट यो ऐन बनाइ लागू गरिएको छ।

## परिच्छेद - १

## परिभाषा र व्याख्या

**१. संक्षिप्त नाम तथा प्रारम्भ :**

**(क)** यो ऐनको नाम "भूमिकर (मालपोत) ऐन २०७५" रहेको छ ।

(ख) यो ऐन तुरुन्त प्रारम्भ (पारित भएको मिति देखि इटहरी उप महानगरपालिका भर लागू )हुनेछ।

**२. परिभाषाःविषय वा प्रसङ्गंले अर्को अर्थ नलागेमा यस ऐनमा,-**

(क) "संविधान" भन्नाले नेपालको संविधान  लाई जनाउँछ ।

(ख) "नगरपालिका" भन्नाले इटहरी उप महानगरपालीकालाई जनाउँछ ।

(ग) "सभा" भन्नाले इटहरी उप नगरपालिकाको नगरसभालाई जनाउँछ ।

(घ) "कार्यपालिका" भन्नाले .इटहरी उप नगरपालिकाको नगर कार्यपालिकालाई जनाउँछ ।

(ङ) "प्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुखलाई जनाउँछ ।

(च) "उप प्रमुख" भन्नाले नगर कार्यपालिकाको उप प्रमुखलाई जनाउँछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्य गर्न तोकिएको अधिकारीलाई जनाउँछ ।

(ज) "कार्यालय" भन्नाले इटहरी उप महानगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ र सो शब्दले उप महानगरपालिको प्रशासनिक संगठनात्मक स्वरुपकामा स्थापना

गरिएका विभाग, महाशाखा,शाखा,वडाकार्यालय वा करसंकलन गर्न स्थापना भएका छुट्टै प्रशासनिक एकाइ समेतलाइ जनाउँछ ।

(झ) " राजश्व महाशाखा/शाखा प्रमुख" भन्नाले राजश्व महाशाखा/शाखाको प्रमुख अधिकृतलाइ जनाउँछ।

(ञ) "समिति" भन्नाले राजश्व परामर्श समितिलाइ जनाउँछ ।

(ट) "व्यक्ति" भन्नाले प्राकृतिक तथा कानुनी व्यक्ति जनाउँछ ।

(ठ) "भूमिकर (मालपोत)"भन्नाले जग्गावालाले दफा ३ अनुसारकानुन बमोजिम नगरपालिका लाइतिर्नु पर्ने मालपोत तथा सो सरहको अरू कुनै तिरोलाइ सम्झनुपर्छ र सो शब्दले यो ऐन बमोजिमको म्यादभित्र मालपोत नतिरे वापत लाग्ने शुल्कलाइ समेत जनाउँछ।

(ड)"सरकारी जग्गा"भन्नाले सडक, बाटो, रेल्वे तथा सरकारी घर,भवन वा कार्यालय रहेको जग्गा सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारको अधीनमा रहेको बन, जंगल, नदी, खोलानाला, नदी उकास, ताल, पोखरी तथा सो कोडिल,नहर,कला,ऐलानी, पर्ती वा अन्य जग्गा,डगर बगर र संघीय तथा प्रदेश सरकारले समय समयमा राजपत्रमा सूचना प्रकाशन गरी सरकारी जग्गा भनी तोकिदिएको जग्गासमेत लाइ जनाउछ ।

(ढ)"सार्वजनिक जग्गा" भन्नाले कुनैव्यक्तिले मात्र नभइ सार्वजनिकरूपमा प्रयोगगर्न पाउने परापुर्वदेखि प्रचलनमा रहेको बाटो, कुवा, पानी, इनार, पोखरी तथा सोको डिल, गाइवस्तु निकाल्ने निकास, गौचर, दाहासस्कार घाट, चिहान, पाटी, पौवा, देवल, धार्मीक उपासना गर्ने स्थल, स्मारक, मठ, मन्दीर, चोक, डवली, ढल, हाट, मेला लाग्ने ठाउँ, सार्वजनिक मनोरञ्जन गर्ने तथा खेलकुदस्थल र संघिय तथा प्रदेश सरकारले समय समयमा राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक जग्गा भनि तोकिदिएका जग्गा समेतलाइ जनाउँछ ।

(ण) "आर्थिक वर्ष" भन्नाले श्रावण १ देखि आषाढ मसान्त सम्मको अवधिलाइ जनाउँछ ।

(त) "तोकिएको"वा"तोकिए बमोजिम"भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम जनाउँछ ।

(थ) "अब्बल जग्गा" भन्नाले नहर, कुलो, पैनि वाट सिंचाइ गरी बर्षमा तिन बालि उत्पादन हुने खेतियोग्य सिंचाइ सुविधा भएको, मूख्य व्यापारीक तथा बजार क्षेत्रको आवासीय जग्गालाइ जनाउँछ ।

(द) "दोयम जग्गा" भन्नाले आकाशे भरमा खेति हुने खेतियोग्य सिंचाइ सुविधा नभएको

तथा भित्रि बजार रहेको आवासीय जग्गालाइ जनाउँछ ।

(ध) "पर्तिजग्गा" भन्नाले धानबालि लगाउन नसकिने तरकारी खेति वा अन्य खाद्यान्न वालि लाग्ने डाँडो सुख्खा जग्गा वा माछा पालन मात्र गर्न सकिने होलि जग्गालाइ जनाउछ ।

(ध) "बन तथा कृषि फर्म भएको जग्गा" भन्नाले निजि वन तथा कुखुरा, माछा, गाई, भैसि, बंगुर जस्ता फर्मको रुपमा प्रयोग भएको जग्गालाइ जनाउँछ ।

(न) "बाँझो जग्गा" भन्नाले कुनै स्थायी संरचना नभएको, कुनै वालि नलगाएको तथा घडेरी प्रयोजनबाट खरीद भएको जग्गालाइ जनाउँछ ।

(प) "बगर तथा होलि जग्गा" भन्नाले खोला, नदी तथा पैनी कुदी बालुवा तथा गिटिले पुरेको जग्गालाइ जनाउँछ ।

(फ) "राजश्व परामर्श समिति" भन्नाले प्रचलित ऐन बमोजिम गठित इटहरी उपमहानगरपालिको राजश्व परामर्श समितिलाइ जनाउछ ।

## परिच्छेद-२

## <u>मालपोत असुली सम्बन्धी व्यवस्था</u>

**३ भूमिकर (मालपोत) लाग्ने:** (१) नगरपालिका क्षेत्रभित्रको सम्पत्ति कर लागेको क्षेत्र बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) असुल गरीनेछ ।

(२) उप दफा (१) अनुसार सम्पत्ति करमा आबद्ध अधिकतम पाँच हजार चार सय छयत्तर वर्ग फीट (एक कठ्ठा दश धूर) क्षेत्र ओगटेको घर जग्गा भन्दा बाहेकको बढि भएको जग्गामा मात्र भूमिकर (मालपोत) लाग्नेछ ।

(३) यस ऐन अनुसार लाग्ने भूमिकर (मालपोत) असुलगरी सर्व संचित कोषमा जम्मा गरीनेछ ।

(४) भूमिकर (मालपोत) लिने प्रयोजनकालागि उपदफा (२) अनुसार कर लाग्ने जग्गालाइ देहायका आधारमा बडागत क्षेत्रमा वर्गिकरण गरी कर असुल गरीनेछ ।

(क) अब्बल खेतियोग्य सिंचाइ सुविधा भएको जग्गा,

(ख) दोयम खेतियोग्य सिंचाइ सुविधा नभएको जग्गा,

(ग) पर्ति तथा सुख्खा सिंचाइ नपुगेको जग्गा

(घ) बन तथा कृषि फर्मको रुपमा प्रयोग भएको जग्गा,

(ङ) घडेरीको रुपमा प्रयोग भएको बाँझो जग्गा,

(च) बगर तथा होलि जग्गा,

(छ) भूमिकर (मालपोत) नलाग्ने जग्गा ।

(५) उपदफा (४) अनुसार जग्गालाइ प्रत्येक बडा समितिले स्थलगत सर्वेक्षण गरी सम्पत्ति करको मूल्यांकनमा आबद्ध हुनेगरी जग्गाको वर्गिकरणको विवरण आर्थिक बर्ष समाप्त हुनुभन्दा अघि बैशाख मसान्त भित्र राजश्व परामर्श समितिमा पेश गर्नुपर्ने छ ।

(६) उपदफा (५) अनुसार प्राप्त प्रत्येक बडाको जग्गाको वर्गिकरण विवरणलाइ एकिकृत गरि राजश्व परामर्श समितिले नगर कार्यपालिकामा सिफारिस पेशगर्नु पर्नेछ । तर, यो ऐन प्रारम्भ हुँदाका बखत एक पटककालागि यो नियम लागु हुने छैन ।

(७) उपदफा (४) को (ङ) अनुसार सम्पत्ति करमा समावेश भएको घर र सो घरले चर्चेको एक कठ्ठा दश धुर भन्दा बढि भएको जग्गा वा घर विनाको जतिसुकै क्षेत्रफलको जग्गा घडेरिको रुपमा बाँझो रहेको भएमा तोकिएको दरमा मालपोत लाग्नेछ ।

तर, कुनै व्यक्तिको एक स्थानमा विस धुर भन्दा कम क्षेत्रफलको घडेरी खालि जग्गालाइ बाँझो रहेको जग्गा मानिने छैन ।

(८) भूमिकर (मालपोत) प्रयोजनकालागि इटहरी क्षेत्र भित्रको मालपोत लाग्ने संपुर्ण जग्गा वडागत रुपमा पूर्ण विवरण सहितको तथ्याङ्क संकलनगरी सफ्टवेरमा अभिलेख व्यवस्थित गरीनेछ र सबै वडाको अभिलेखलाइ कम्प्यूटर सर्भर नेटवर्कमा एकिकृत गरीनेछ । हाल अभिलेखिकरण भएको विवरणलाइ यसैमा आवद्ध गरिनेछ ।

४. **भूमिकर (मालपोत) नलाग्ने :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको जग्गामा भूमिकर (मालपोत) लाग्ने छैन :-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्वमा रहेको सरकारी जग्गा,

(ख) सरकारी अस्पतालको जग्गा,

(ग) सार्वजनिक उपयोग स्थलको सार्वजनिक जग्गा,

(घ) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगको जग्गा ।

(२) यस ऐन बमोजिम भूमिकर (मालपोत) लाग्ने जग्गा बाहेकको जग्गामा सम्पत्तिकर लाग्ने छ । यस ऐनमा जेसुकै उल्लेख भएतापनि कुनै सार्वजनिक संघ सस्थाको स्वमित्वमा रहेको जग्गाको भूमिकर छुट हुने छैन ।

५. **भूमिकर (मालपोत) को दर निर्धारण र असुली व्यवस्थाः** (१) यो ऐनको दफा ३ अनुसार मालपोत बुझाउनुपर्ने दायीत्व भएका प्रत्येक प्रकृतिक जग्गा धनिबाट

जग्गा धनिको स्वमित्वमा रहेको जग्गाको अनुसूचि एक मा उल्लेख भएको दरले प्रत्येक वर्ष भूमिकर (मालपोत) असूल गरिनेछ ।

(२)उपदफा (१) अनुसार असूल गरिने मालपोतको दर प्रत्येकवर्ष नगरसभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) भूमिकर (मालपोत) करको दर निर्धारण गर्ने प्रयोजनका लागि सिफारीस पेश गर्न देहाय बमोजिमको भूमिकरको दर निर्धारण समिति गठन गरिनेछ ।

| | |
|---|---|
| १. राजश्व परामर्श समिति संयोजक | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. कार्यपालिकाले तोकेको वडा अध्यक्ष मध्येवाट एक जना | सदस्य |
| ४. कार्यपालिकाले तोकेको सम्वन्धि क्षेत्रको विज्ञ एक जना | सदस्य |
| ५. राजश्व शाखा प्रमुख | सदस्य सचिव |

(४) करको दर निर्धारण समितिको बैठक आबश्यकता अनुसार बस्नेछ । बैठकमा सम्बन्धित क्षेत्रका वढीमा दुइ जना सम्म विज्ञहरुलाइ आमन्त्रण गर्न सकिने छ । समितिको सदस्यले तथा आमन्त्रित सदस्यले नगर कार्यपालिका सदस्यले पाए सरह बैठकभत्ता पाउनेछ ।

(५) करको दर निर्धारणगर्दा यस ऐनको दफा ३. को उपदफा (४) बमोजिम जग्गाको बर्गिकरण अनुसार जग्गाको उत्पादकत्व,आर्थिक लाभ, स्थान, प्रकृति तथा आर्थिक मूल्य जस्ता आधारमा निर्धारण गरिने छ ।

(६) जग्गावालाले बुझाउनुपर्ने मालपोत रकम प्रत्येकवर्ष पौष मसान्त सम्ममा सम्वन्धित बडा कार्यलय वा नगर कर/राजश्व शाखामा बुझाउनुपर्नेछ।

(७)पौषम सान्तसम्ममा सो वर्षको मालपोत बुझाउनेजग्गा वालालाइ सो वर्षको लाग्ने मालपोतको दशप्रतिशत छुटदिइनेछ।

(८) चैत्र मसान्त भित्र मालपोत नबुझाएमा पन्ध्र प्रतिशत ब्याज समेत जोडी मालपोत असूल गरिनेछ।

(९) यो ऐन प्रारम्भ हुँदाका बखत भूमिकर (मालपोत) बुझाउन बाँकी रहेका जग्गा धनिले बुझाउन बाँकी रहेको मालपोत बक्यौता रकम यसै ऐन बमोजिम बाँकि रहेको मानि असुल गरिनेछ ।

(१०) वडागत रुपमा संकलन भएको भूमिकर (मालपोत) प्रत्येक दिन वा सम्भव नभए भोलिपल्ट भित्र सम्वन्धित कर्मचारीले कर संकलनको नाम नामेसि सहितको

विवरण तयारगरी तोकिएको वित्तिय संस्थमा कर रकम जम्मा गर्नु पर्नेछ र कर विवरणको फाँटवारी तथा जम्मा भौचर नगर राजश्व शाखामा पेश पर्नु पर्नेछ ।

(११) उपदफा (१०) अनुसार जम्मा हुन आएको मालपोत कर राजश्वको अभिलेख व्यवस्थित रुपमा राख्नु सम्वन्धित शाखाको दायित्व हुनेछ । तोकिए अनुसार कर रकम सर्वसञ्चित कोषमा दाखिला नभएमा सम्वन्धित कर्मचारीवाट सतप्रतिशत विगो सहित दश प्रतिशत जरीवाना असुल गरिने छ ।

६. **मालपोत असुलगर्न बाँकीको फाँटवारी तयार गर्ने** : (१)ऐनको दफा ५बमोजिमको आषाढ मसान्त भित्रपनि मालपोत नबुझाइ बाँकी रहेका जग्गाको तोकिए बमोजिमको फाँटवारी आगामि श्रावण मसान्तसम्ममा तयार गर्नुपर्ने छ ।

(२) सम्वन्धित वडा कार्यलयले मालपोत उठाएको भए वडाका मालपोत उठ्न बाँकीरहेका जग्गा धनिको विवरण फाँटवारी तयारपारि आगामि आर्थिक बर्षको श्राबण पन्ध्र गते भित्र नगर राजश्व शाखामा पठाउनुपर्नेछ।

७. **मालपोत बाँकी भएका जग्गा रोक्का गर्नेः** (१) ऐनको दफा ६ बमोजिमको फाँटवारीबाट देखिएका मालपोत बाँकी भएका जग्गावालाको जग्गा बाँकी मालपोत चुक्ता नबुझाए सम्म वा बाँकीमा लिलाम बिक्री नभएसम्म कार्यालयले रोक्का राख्न सक्नेछ । तर,त्यसरी रोक्का रहेको जग्गामा साविक बमोजिम खेती गर्न पाइनेछ।

(२) ऐनको दफा ६ बमोजिमको फाँटवारी बाट देखिएको मालपोत बाँकी भएको जग्गाको मालपोत असुलउपर गर्न कार्यालयले सो जगा रोक्का राखि नगरवाट उपलब्ध हुने सेवा सुविधामा रोक लगाउन सकिनेछ ।

८. **मालपोत नबुझाएमा शुल्क लाग्ने**ः ऐनको दफा ५ (५) बमोजिमको म्याद नाघे पछि मालपोत बुझाएमा १५ प्रतिशत ब्याज र आषाढ मसान्त सम्ममा मालमोत नबुझाएमा पाँच प्रतिशत थप शुल्क समेत लाग्नेछ ।

९. **मालपोत बुझाउन म्याद बढाउन सकिने**ः (१) दफा ५ मा जुनसुकै कुरा लेखिएको भएता पनि तोकिएको म्यादभित्र कुनै वर्ष कुनै क्षेत्र वा कुनै व्यक्तिले मालपोत बुझाउन नसक्ने परिस्थिति छ भन्ने कुरा लागेमा कार्यपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी मालपोत बुझाउने म्याद बढाउन सक्नेछ ।

१०. **रसीद दिने** : मालपोत बुझिलिने कार्यालयले वा मालपोत असुलगर्ने कार्यालयले मालपोत बुझाउने व्यक्तिलाइ मालपोत तिरेको रसीद दिनुपर्नेछ।

११. **हदबन्दी भन्दा बढी जग्गाको मालपोत असुल गर्ने सम्बन्धमा** : भूमि सम्बन्धी ऐन,२०२१ बमोजिम राख्न पाउने हदबन्दी भन्दा बढी जग्गा सम्बन्धित अधिकारीले प्राप्त गरी बिक्री

वितरणबाट हस्तान्तरण नभए सम्ममा साविक बमोजिम मालपोत बुझाउनेगरी साविक जग्गावालाको भोगचलनमा रहेको जग्गाको मालपोत सो जग्गा वाला बाट असुलउपर गरिनेछ।

## परिच्छेद–३

## मालपोत मिन्हा तथा सुविधा रोक्ने सम्बन्धी व्यवस्था

**१२.मालपोत मिन्हा दिन सकिने :**(१) मालपोत लाग्ने कुनै जग्गा कुनै नदीखोलाले काटेमा वा बालुवाले पुरेमा वा पहिरो गएमा वा पहिरोले पुरी मूख्यबाली हुन नसकेमा सम्बन्धित जग्गावालाले तोकिएको म्यादभित्र तोकिएको ढाँचामा विवरण खोली वडा कार्यालयमा दरखास्त दिनुपर्नेछ । तर, बाली लागेको जग्गाको हकमा उपदफा (२) बमोजिम जाँचबुझ हुनु भन्दा अगावै सो बाली काट्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तमा उल्लेखित कुराहरू को जाँचबुझ गर्न वडा कार्यालय प्रमुखले बीसदिन भित्र आफुगइ वा डोर खटाइ जाँचबुझ गर्नु गराउनु पर्नेछ । सो बमोजिमको जाँचबुझ गर्दा गराउँदा सो वर्ष मालपोत मिन्हा गर्नु पर्ने देखिएमा कति प्रतिशत सम्म मालपोत मिन्हा दिनुपर्ने हो यकीन गरी मिन्हा दिइने मालपोत रकम सात दिनभित्र नगर कार्यालयमा पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमका जाँचबुझबाट कुनै जग्गा सधैका निमित्त बेकम्मा वा काम नलाग्ने भएको देखिएमा सो जग्गाको मालपोत पूर्ण छुट दिइने छ ।

(४) कनै वर्ष सुक्खा वा असिना परी वा सलह लागी वा बाढी आइ वा अरू कुनै दैवीप्रकोपले कुनै क्षेत्रमा मुख्यबाली नोक्सानी भएमा आवश्यक जाँचबुझ गरी आंशिक वा पूरा मालपोत मिन्हा दिनु पर्ने लागेमा आफनो रायसहित वडा कार्यालयले सिफारिस पेश गर्नेछ र नगर कार्यपालिकाले आवश्यक निर्णय गरी मिन्हा दिन सक्नेछ।

**१३ मालपोत बाँकी भएमा सुविधा रोक्का गर्न सकिने:**(१) सम्वन्धित आर्थिक बर्षमा मालपोत नतिरी बाँकि बक्यौता भएका जग्गावालालाइ नगरपालिकाले उपलब्ध गराउने सेवा सुविधा वा यस नगरपालिका अन्तर्गत रहेर जग्गाधनिलाइ विभिन्न संघ सस्था वा निकायले उपलब्ध गराएको सेवा सुविधा रोक्ने वा सेवा सुविधा रोक लगाउन सम्वन्धित संघ सस्थालाइ अनुरोध गर्न सकिनेछ । सो अनुरोधलाइ पालना गर्नु संघ सस्थाको कर्तब्य हुनेछ ।

(२) लगातार बिस बर्षसम्म मालपोत बाँकी रहेको कित्ता जग्गा कार्यालयले प्रचलित नियम बमोजिम लिलाम बिक्री गर्न सक्नेछ । लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो जग्गाको स्वामित्व नगरपालिकाको हुनेछ ।

तर त्यस्ता जग्गाको स्वामित्व नगरपालिकामा रहेतापनि मोहीको मोहीयानी हक कायमै रहनेछ ।

**१४.हानी नोक्सानीको बिगो व्यहोर्नु पर्ने**: कसैले मालपोत असुल गर्दा जानीजानी वा बदनियत साथ यो ऐन वा प्रचलित कानूनको बर्खिलाप हुने काम गरी वा अरू कसैलाइ कुनै किसिमको हानी नोक्सानी पुऱ्याएमा सो हानी नोक्सानीको बिगो र अन्य दायित्व मालपोत असुल गर्ने काममा खटिएका व्यक्तिले व्यहोनुपर्नेछ । त्यसरी मालपोत असुल गरेको रकम हानी नोक्सानी भएकोमा निज उपर प्रचलित कानून बमोजिम कारवाही समेत हुनेछ ।

## परिच्छेद- ४

## कर राजश्व प्रशासन सम्वन्धि व्यवस्था

**१५. राजश्व परामर्श समितिको काम, कर्तव्य र अधिकारः**

नगरपालिकाको कर राजश्व प्रशासनलाइ ब्यवस्थित, बैज्ञानिक, करदाता मैत्री बनाउन तथा कर राजश्व व्यवस्थापन, कार्यान्वयन तथा परिचालन गर्न राजश्व परामर्श समितिको काम,कर्तव्य तथा अधिकार देहाय बमाजिमको हुनेछ

(१) आगामि आर्थिक बर्षका लागि आर्थिक बर्ष समाप्त हुने तिस दिन अगाबै कर राजश्वको अनुमानित प्रक्षेपण विवरण पेश गर्ने,

(२) कर राजश्व असुलि प्रभाबकारी बनाउन तथा दायरा बृद्धिगर्न प्रचारात्मक अभियान सञ्चालन गर्ने गराउने,

(३) कर राजश्व सम्वन्धि आवस्यक ऐन, विनियम, निर्देशिका तयार गरी कार्यपालिकामा पेशगर्ने,

(४) प्रत्येक आर्थिक बर्षका लागि आर्थिक ऐनमा समावेश गर्ने कर राजश्वको संशोधित विवरण तयार गरि कार्यपालिकामा पेश गर्ने,

(५) प्रत्येक तिन तिन महिनामा कर राजश्वको प्रगति समिक्षा गरि आगामि कार्ययोजना तथा रणनीति तयार गरी कार्यान्वयन गर्ने गराउने,

(६) कर राजश्व महाशाखा/शाखाको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने तथा कर राजश्व अभिलेख तथा तथ्याङ्क विधि बैज्ञानिक तथा पारदर्शि बनाउन लगाउने,

(७) कर्मचारीलाइ कर राजश्व सम्वन्धि अभिमुखिकरण तालिमको व्यवस्था गर्ने साथै करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने गराउने,

(८) कार्यपालिकाले तोकिदिएका अन्य कार्य गर्ने गराउने ।

**१६. करदाताकोअधिकार तथा कर्तव्य**हरूः करदातालाई यस ऐन बमोजिम कर वुझाउने सन्दर्भमा देहाय बमोजिमको अधिकार हुनेछ :-

(१)करदाताले यस ऐन बमोजिमको कर्तब्यहरु पालना गर्नुपर्नेछ ।

(२)करदातालाइ यस ऐन बमाजिम कर वुझाउने सन्दर्भमा देहाय बमाजिमको अधिकार हुनेछः-

(क) निबेदन दिएकै दिन प्रमाण कागजात प्राप्तगर्ने अधिकार,

(ख)सम्मानपूर्वक व्यवहारको अधिकार,

(ग) आफुसँग सम्बन्धित कर सम्बन्धी कुराहरुको सूचना प्रचलित कानुन बमोजिम प्राप्त

गर्ने अधिकार,

(घ) करसम्बन्धी कुरामा सफाइको सवुद पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

( ङ ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरीक्षक मुकरर गर्ने अधिकार, र

(च ) करसम्बन्धी गोपनीय कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार ।

१७. **कर प्रशासन तथा आधिकारिक व्यक्ति**(१) यस ऐनको कार्यान्वयन र प्रशासन गर्ने प्रमुख जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित जिम्मेवारी पूरा गर्ने कार्यलाई सघाउ पु-याउन प्रमुख प्रशासकीय अधिकृत र निजको मातहतमा कर/राजस्व प्रशासन शाखा, वडा कार्यालय स्थापना गर्न र ती कार्यालयहरुको कार्यक्षेत्र तोक्न सक्नेछ । यसरी कार्यक्षेत्र तोकिएका कार्यालयहरु कर/राजश्व प्रशासनकै अङ्गका रुपमा रहेको मानिनेछन् ।

(३) कर/राजश्व प्रशासनमा देहाय बमोजिमका अधिकृत तथा अन्य कर्मचारीहरु रहन सक्नेछन् :-

(क) प्रमुख प्रशासकीय अधिकृत, (ख) कर/राजश्व शाखा प्रमुख/कर अधिकृत र

(ग) अन्य कर्मचारीहरु,

(४) नगरपालिकाले दिएको निर्देशनको अधीनमा रही प्रमुख प्रशासकीय अधिकृतले **देहाय बमोजिम गर्न सक्नेछ :-**

(क) यस ऐन बमोजिम प्राप्त कुनै पनि अधिकारको प्रयोग गर्न,

(ख) खण्ड (क) बमोजिमको अधिकार कुनै अर्को अधिकृतले प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गर्न,

(ग) सार्वजनिक परिपत्र जारी गर्न,

(घ) आवस्यक कागजात तोक्न,

(ङ) कुनै व्यक्तिले दिएको निवेदनमा उल्लिखित कुराहरुलाई पूर्ण वा आंशिक रुपमा स्वीकार वा अस्वीकार गर्न,

(च) कुनै अधिकृतलाई अख्तियारी दिन बाहेक अन्य सबै वा केही अधिकार सेवामा रहेका कुनै अधिकृत कर्मचारीले प्रयोग गर्न पाउने गरी तोक्न ।

(छ) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्न,

**१८. कर राजस्व अधिकृतको काम, कर्तव्य तथा अधिकारः** प्रमुख प्रशासकीय अधिकृतको अधीनमा रही कर/राजश्व शाखा प्रमुखको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम

हुनेछन्:

क) करदाता बाट आबस्यक विवरण माग गरी दर्ता गर्ने,

ख) कर परिक्षण तथा अनुसन्धान गर्ने,

ग) कर संकलन गर्ने,

घ) कर तथा गैरकर राजस्व चुहावट रोक्न आवश्य कार्य गर्ने ,

ङ) करदाता मैत्रि बनाउन तथा करदाता शिक्षा तथा कर सचेतना सम्वन्धि आवस्यक कार्यक्रम सञ्चालन गर्ने,

च) राजस्व प्रक्षेपणका लागि आवस्यक विवरण उपलब्ध गराउने,

छ) करदाताको कर सम्वन्धि अभिलेख व्यवस्थित राख्न लगाउने र सोको अनुगमन गर्ने वा गर्न लगाउने,

ज) कर सम्वन्धि अभिलेख दुरुस्त राख्ने र राख्न लगाउने,

झ) कर राजस्व तोकिएको समयमा सञ्चीत कोषमा दाखिला गर्ने व्यवस्था मिलाउने,

ञ) कर राजस्व छलि वा चुहावट भएको शंकालागेमा सम्वन्धित करदाता वाट आवस्यक कागजात माग गर्ने, खानतलासि गर्ने र कागजातहरु कब्जामा लिने,

ट) राजस्व परामर्श समितिलाइ आवस्यक विवरण उपलब्ध गराउने तथा राजस्व परमर्श समितिको शिफारिसबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने गराउने,

ठ) प्रमुख प्रशासकीय अधिकृतले दिएका निर्देशनहरु कार्यान्ययन गर्ने गराउने,

१९. **अन्य कर्मचारीको काम कर्तव्य तथा अधिकार:** यस ऐन अनुसार कर राजश्व शाखामा कार्यरत अन्य कर्मचारीको काम, कर्तव्य, देहाय बमोजिम हुनेछ:

क) तोकिएको कार्य तथा जिम्मेवारी सम्पादन गर्ने,

ख) माथिको निर्देशन पालन गर्ने,

ग) पुर्ण कर्तव्यनिष्ठ रहि आफ्नो जिम्मेवारी पुरागर्ने,

घ) समयको पुर्ण परीपालन गर्दे करदाता मैत्रि बनि करदातालाइ अधिकतम शेवा प्रवाहगर्ने,

ङ) तोकिएका अन्य कार्यहरु गर्ने ,

२०. **अदालतलाइ भएसरहको अधिकार हुने** : यस ऐन अनुसारको कामकारवाइ गर्दा बयान लिने, पक्ष झिकाउने, प्रमाण बुझ्ने, कागजपत्र दाखिला गराउने सम्बन्धमा प्रमुख प्रशासकिय अधिकृतलाइ प्रचलित नेपाल कानून बमोजिम अदालतलाइ भए सरहको अधिकार हुनेछ।

२१. **दण्ड जरीवना सहित विभागीय कारवाइ हुने**: (१) यस ऐन बमोजिम कार्यालयबाट गर्नुपर्ने कारवाइ बदनीयतपूर्ण ढंगबाट भए गरेको देखिएमा वा राजश्व छली वा कम असुल भएको पाईएमा सम्बन्धित अधिकृत वा कर्मचारीलाइ प्रमुख प्रशाशकिय अधिकृतले विगो सहित जरीवाना असुल गरी विभागीय सजाय समेत गर्न

सक्नेछ ।

(२) उपदफा (१) अनुसारको सजाय गर्दा सबुद प्रमाण पेश गर्ने मौका तथा सफाइ पेश गर्ने अबसर दिनुपर्नेछ।

(३) उपदफा (१) र (२) मा जेसुकै उल्लेख भएता पनि दण्ड सजाय गर्दा बदनियत तथा हिनामिनाको प्रकृति हेरि सचेत गराउने देखि प्रचलित कानुनमा उल्लेख भएका प्रावधान अनुसार कार्यवाहि तथा दण्ड सजाय गर्नुपर्ने छ।

२२. **मालपोत असुल तहसील गर्ने काममा बाधा विरोध गर्नेलाइ सजाय**: कसैले मालपोत असुल तहसील गर्ने काममा बाधाविरोध पुऱ्याएमा सो बाधा विरोध गर्नेव्यक्ति लाइ प्रमुखले पाँच सय रूपैंया सम्म जरिवाना गर्न सक्नेछ।

२३.**झुठाविवरण पेश गरेमा हुने सजायः** प्रचलित कानूनबमोजिम कार्यालयबाट सम्पादन हुने कामकारबाहीका सिलसिलामा कसैले जानीजानी झुटा विवरण पेश गरेको देखिन आएमा तत्सम्बधी निर्णय गर्दा कार्यालयले सो विवरण पेश गर्ने व्यक्तिलाइ एक हजार रूपैया सम्म जरिवाना गर्न सक्नेछ।

## परिच्छेद–५

## विविध

२४. **सामुहिक खेतिलाइ प्रोत्साहन गरिने** : साना साना घडेरी वा अन्य जग्गा मिलाइ कुनै तिन वा सो भन्दा वढि व्यक्तिहरु मिलि खेति गर्न चाहेमा सम्वन्धित जग्गाधनिलाइ समेत प्रतिफल प्राप्त हुने व्यवस्था मिलाइ वडा समितिले बाँझो जग्गामा सामुहिक खेतिको लागि प्रोत्सान गर्न सक्नेछ। त्यसका लागि छुट्टै नीति बनाइ कार्यान्वयन गरीनेछ।

२५. **परामर्शदाता नियूक्त गर्नसक्ने** : भूमिकरको ब्यवस्थित कार्यान्वयनका लागि सम्वन्धित क्षेत्रमा काम गर्ने ब्यक्तिलाइ कार्यलयले समय, लागत र कार्यक्षेत्र तोकी छोटो अवधिका लागि परामर्शदाताको रुपमा नियुक्त गरी काम लगाउन सक्नेछ।

२६. **कागजातको गोप्यता** : (१) भूमिकर प्रयोजनका लागि करदाताबाट प्राप्त कागजात तथा अभिलेख गोप्य राखिनेछ।

(२) उपदफा (१) बमोजिमको कागजात तथा अभिलेख नगरपालिकाको प्रयोजन बाहेक अन्य कार्यमा प्रमाण लाग्ने छैन। तर, अदालत वा सरोकारवाला सरकारी निकायबाट सोसम्बन्धी जानकारी माग भई आएमा प्रमुख प्रशासकीय अधिकृतले कागजात उपलब्ध गराउन आदेश दिन सक्नेछ।

२७. **विवरण सार्वजनिक गर्नुपर्ने** : कार्यलयले बार्षिक रूपमा असुल भएको भूमिकर वार्षिक रूपमा सो सम्बन्धमा भएका क्रियाकलापको समीक्षा सहितको वार्षिक प्रतिबेदन सार्वजनिक गर्नु पर्नेछ ।

२८. **प्रहरीले सहयोग गर्नुपर्ने** : यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको कार्यान्वयन गर्ने सम्वन्धमा कार्यलयले सहयोग मागेमा सहयोग गर्नु प्रहरीको कर्तव्य हुनेछ।

२९.**अधिकार प्रत्यायोजन गर्न सक्ने**: (१)यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार प्रमुख प्रशासकीय अधिकृतले आफु मातहतको कर राजस्व अधिकृत वा अन्य अधिकृतलाई

प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उप दफा (१) बमोजिम अधिकार प्राप्त गर्ने अधिकारीले गरेको कामकारवाइ प्रमुख प्रशासकीय अधिकृतले गरे सरह मान्य हुनेछ ।

३०.**करचुक्ताको पमाणपत्र** : (१) कुनै व्यक्तिले कुनै निश्चित मिति सम्मको ऐन बमोजिम तिर्नुपर्ने सम्पुर्ण कर चुक्ता गरी सो को प्रमाणपत्र माग गर्न कार्यलयमा निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्तभएमा निवेदकको कर गणना गणितिय हिसावले ठिक भए नभएको जाँचगरी कर विवरण बमोजिम तिर्नुपर्ने कर, शुल्क, व्याज, जरीवाना दाखिला गर्न बाँकि भए सो रकम दाखिला गराइ कर तिरेको प्रमाणका आधारमा कर अधिकृतले करचुक्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

३१. **सरकारी गोप्यता**: (१) नगरका कुनैपनि अधिकृत तथा अन्य कर्मचारीले यस ऐन बमाजिम आफ्नो कतर्व्य पालनका सिलसिलामा आफ्नो कब्जामा वा जानकारीमा आएका सबै कागजात तथा जानकारी गोप्य राख्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतलाइ उपदफा (१) बमाजिमको कागजात वा जानकारी दिन आदेश दिएमा सम्वन्धित व्यक्तिलाइ प्रमाण कागजात उपलब्ध गराउनुपर्नेछ ।

३२. **प्रशासकीय पुनरावलोकन र पुनरावेदन** :(१) नगरपालिकाले निर्धारण गरेको भूमि कर,शुल्क, महसुल,दण्ड,जरिवाना रकममा चित्त नबुझेमा करदाताले कार्यालय प्रमुख समक्ष प्रशासकिय पुनरावलोकनका लागि निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकिय पुनरालोकनका लागि निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले निवेदन माथि छानविन गरी आफ्नो राय सहित ३५ दिन भित्र राजश्व परामर्श समिति समक्ष सिफारिश पेश गर्न कर अधिकृतलाइ आदेश दिन सक्नेछ र

पुनरावलोकन सम्बन्धमा राजश्व परामर्श समितिको सिफारीश बमोजिम कार्यपालिकाले आवस्यक निर्णय गर्नेछ ।

(३) करदातालाई यस दफा बमोजिम गरेको निर्णय चित्त नबुझेमा निजले सम्वन्धित अदालतमा कानूनी उपचारका लागि निबेदन दिन सक्नेछ ।

**३३. प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा व्यवस्था गरीएका बिषयहरु यसै बमोजिम र नगरीएका विषयहरु प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ । संविधान, संघीय तथा प्रदेश कानुनसँग बझिएको हदसम्म अमान्य हुनेछ ।

**३४. भूमिकर (मालपोत) कर सम्बन्धि व्यवस्था यसै ऐन बमोजिम हुने**ः प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सालबसाली लागुहुने आर्थिक ऐनले यस ऐनमा संशोधन गरी कर लगाउने ,बढाउने, घटाउने, छुट दिने वा मिन्हा दिने सम्वन्धि व्यवस्था गरेकोमा बाहेक अन्य कुनैपनि ऐनले यस ऐनका व्यवस्थालाइ परिबर्तन गर्न सक्ने छैन ।

**३५. अनुसूचिमा हेरफेर वा संशोधन**ः यस ऐन सँग सम्बन्धित अनुसूचिहरु हेरफेर तथा संशोधन गर्नुपरेमा कार्यपालिकाको निर्ययवाट हेरफेर तथा संशोधन गर्न सकिनेछ ।

**३६. नियम तथा निर्देशिका बनाउने अधिकार**ः यस ऐनको उद्देश्य कार्यान्वयनगर्न नगरकार्यपालिकाले आवश्यक नियमहरु,निर्देशिका तथा आवश्यक अनुसूचिहरु तयार गरि प्रयोगमा ल्याउन सक्नेछ ।

**३७ .बाधा अड्चन फुकाउ**ः यो ऐनको कार्यन्वयनमा कुनै बाधा अडकाउ परेमा वा कुनै विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा वा बाधा अडचन फुकाउनु पर्ने भएमा राजश्व परामर्श समितिको सिफारीसमा कार्यपालिकाले आबश्यक निर्णय गर्न सक्नेछ ।

**३८. बचाउः** यो ऐन प्रारम्भ हुनु भन्दा अगाडि यो ऐनको प्रावधान अनुसार भए गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

**अनुसूची १**
(ऐनको दफा ५ सँग सम्बन्धित)
**भूमि(मालपोत)करको दर**

| | कोड नं. | जमिनको स्थान÷ क्षेत्र | दर रेट |
|---|---|---|---|
| **वडा नं १** | १ | | |
| | १.१ | कोशी राजमार्गलाइ छुने सबै जग्गाहरु तथा आंपगाछी बजार छेउका जग्गाहरु | प्रति धुर रु १५।- |
| | १.२ | बाँकी सम्पुर्ण जग्गाहरु, मुख्य सडक सहायक सडकले छुने जग्गाहरु, बोट र वरिपरिका प्लटिङ्ग भएका जग्गाहरु, कराईवना हुँदै लविपुर जाने सडक छेउका जग्गाहरु | प्रति धुर रु ४।- |
| | १.३ | वाटोले नछुने सबै जग्गाहरु | प्रति धुर रु ३।- |
| **वडा नं.२** | २ | | |
| | २.१ | कोशी राजमार्गको २/४ सिमाना देखि उत्तर कृषि फार्म सम्म कोशी मार्गमा छुने जग्गाहरु । | प्रति धुर रु १५।- |
| | २.२ | इटहरी नक्सा नं.२ (घ), २ (ङ), २ (ट) का बाटोले छोएका जग्गाहरु । | प्रति धुर रु ४ ।- |
| | २.३ | इटहरी नक्सा नं.२ (घ), २ (ङ), २ (ट) का बाटोले नछोएका जग्गाहरु रआंपगाछी पुर्व हवाइचोक सम्मका हलगडाचोक पुर्व पशुपति चोक सम्मको शाखा पिचवाटो, तरहरा पेट्रोलपम्प पुर्व दंगाल टोल सम्मको ,कचना स्कुल देखी उत्तर वडा नं ४ को सीमाना उत्तर पशुपती चोक हुदै हवाइ चोक सम्मको शाखा वाटोका जग्गाहरु, | प्रति धुर रु ४।- |
| | २.४ | इटहरी नगरपालिका वडा नं.२ का व्यापारिक तथा आवासीय क्षेत्रमा नपरेका तर बाटोले छोएका जग्गाहरु । | प्रति धुर रु ४।- |
| | २.५ | इटहरी नगरपालिका वडा नं.२ का व्यापारिक तथा आवासीय क्षेत्रमा नपरेका र बाटोले नछोएका जग्गाहरु । | प्रति धुर रु ३।- |
| **वडा नं.३** | ३ | | |
| | ३.१ | इटहरी पानवारी सडक वडा नं.४/३ सिमाना उत्तर पुराण चौकसम्मको बाटोको दुवै तर्फ बाटोलाई छुने जग्गाहरु । | प्रति धुर रु ५।- |

| | | | |
|---|---|---|---|
| | ३.२ | टेंग्रा खोला उत्तर कंचनजङ्गा फुड प्रोडक्स प्रा.लि., युकी चाउचाउ अगाडीबाट उत्तर गएको श्रीजङ्गा मार्गको दुवै तर्फ बाटोलाई छुने जग्गाहरु । | प्रति धुर रु ४।- |
| | ३.३ | यस वडाका बाटोले नछोएका अन्य सम्पुर्ण जग्गाहरु । | प्रति धुर रु ३।- |
| **वडा नं ४** | ४ | | |
| | ४.१ | महेन्द्र राजमार्गको टेंग्रा पुल देखि मिलन चौकसम्म महेन्द्र राजमार्गलाई छोएका जग्गाहरु र सो क्षेत्रमा मिनी मार्केटका रुपमा विकास भई सोही मिनी मार्केट अन्तरगतका जग्गाहरु । | प्रति धुर रु १५।- |
| | ४.२ | महेन्द्र राजमार्गको मिलन चौक देखि नारायण गोपाल मार्ग चोकसम्म महेन्द्र राजमार्गलाई छोएका जग्गाहरु तथा कोशी मार्ग आईतवारे मोड देखि उत्तर उद्योग वाणिज्य संघको कार्यालय प्रवेश मोड सम्म सोही मार्गमा छोएका दुवै तर्फका जग्गाहरु । | प्रति धुर रु १२।- |
| | ४.३ | क) सँगीत चौकबाट उत्तर चौधरी टोल हुदै मोतिदेवि मार्गसम्म चतुरलाल मार्गलाई छुने जग्गा तथा चतुरलाल मार्ग दक्षिण मोति देवि मार्गले घेरेको क्षेत्रका जग्गाहरु ।<br>ख) मोति मार्ग, टेंग्रा पुल उत्तर, चौधरी टोल चौकसम्म सडकको दुवै तर्फका जग्गाहरु ।<br>ग) जुट विकास चोक उत्तर इटहरी पानवारी सडकको भेटघाट चौक सम्मको बाटोको दुवै तर्फका जग्गाहरु । | प्रति धुर रु १०।- |
| | ४.४ | कोशी राजमार्ग उद्योग वाणिज्य संघ कार्यालय प्रवेश मोड देखि उत्तर २/४ सिमाना सम्म कोशी मार्गलाई छोएका जग्गाहरु । | प्रति धुर रु १५।- |
| | ४.५ | क) मोती देवी मार्ग चौधरी टोल चोक देखि उत्तर वडा नं २/४ सिमाना सम्म सडकको दुवै तर्फका सडकलाई छुने जग्गाहरु ।<br>ख) कोशी राजमार्ग पश्चिम आइतबारेमा भित्री बाटोले छोएका सवै जग्गाहरु र उत्तर मनकामना चौक कलभर्टसम्मका बाटोलाई छोएका दुवै तर्फका जग्गाहरु । | प्रति धुर रु ७।- |
| | ४.६ | इटहरी न.पा. वडा नं.४ को प्रमुख व्यापारिक, व्यापारिक र प्रमुख आवासीय क्षेत्रमा परेका र आवासीय क्षेत्रमा परेका देखि बाहेक नक्सा नं.४ का अन्य सर्म्पुण जग्गाहरु । | प्रति धुर रु ५।- |
| | ४.७ | नेपाली सोनाको व्यारेक उत्तर कोशी राजमार्ग पुर्व कोशी राजमार्गले नछोएका नक्सा नं.४ (ग), र ४ (ङ) का जग्गाहरु । | प्रति धुर रु ५।- |
| **वडा** | ५ | | |

| | | | |
|---|---|---|---|
| नं.५ | | | |
| | ५.१ | खेतीखोला देखि पश्चिम राजश्व ढाट सम्म महेन्द्र राजमार्गलाई छुने महेन्द्र राजमार्गको उत्तर दक्षिण तर्फका जग्गाहरु । | प्रति धुर रु १५।- |
| | ५.२ | इटहरी ४/५ सिमाना उत्तर वडा नं २ सिमानासम्म कोशी राजमार्गमा छुने जग्गाहरु। | प्रति धुर रु १५।- |
| | ५.३ | राजश्व ढाट देखि पश्चिम बालग्राम चौकसम्म महेन्द्र राजमार्गको दुवै तर्फका महेन्द्र राजमार्गलाई छुने जग्गाहरु । | प्रति धुर रु १२।- |
| | ५.४ | राजश्व ढाट देखी उत्तर हलगढा चौक पचरुखी चौक देखी दक्षिण गढिघाट चौक जाने बाटोले छोएका दायाँ बायाँका जग्गाहरु | प्रति धुर रु १०।- |
| | ५.५ | भित्री बाटोलाई छुने सबै जग्गाहरु । | प्रति धुर रु ५।- |
| | ५.६ | भित्री बाटोले नछोएका सबै जग्गाहरु । | प्रति धुर रु ३।- |
| वडा नं.६. | ६ | | |
| | ६.१ | महेन्द्र राजमार्गले छोएको आईतवारे रोड प्रवेश देखी टेङग्रा खोला सम्मको जग्गा तथा यस क्षेत्रभित्र महेन्द्र राजमार्गले छुने गरी मिनी मार्केटका रुपमा विकास भई सो मिनी मार्केट अन्तरगतका जग्गाहरु । | प्रति धुर रु २०।- |
| | ६.२ | विरेन्द्र चोक दक्षिण कोशी राजमार्गमा छोएका साविक वडा नं. ६, ९ सिमानासम्म विरेन्द्र चोक उत्तर आईतवारे मोडसम्म कोशी राजमार्गमा छोएका जग्गाहरु तथा यस क्षेत्रभित्र कोशी मार्गले छुने गरी मिनी मार्केटका रुपमा विकास भई सोही मिनी मार्केट अन्तरगतका जग्गाहरु । | प्रति धुर रु २०।- |
| | ६.३ | टेङग्रा खोला पुर्व बुडि खोला सम्म महेन्द्र राजमार्गलाई छोएका जग्गाहरु र सो जग्गाले छुने गरी मिनी मार्केटका रुपमा विकास भई सोही मिनी मार्केट अन्तरगतका जग्गाहरु । | प्रति धुर रु १५।- |
| | ६.४ | महेन्द्र राजमार्ग खेतिखोला पुर्व पुर्व आईतवारे सडक प्रवेश मार्ग सम्मको महेन्द्र राजमार्गले छोएका जग्गाहरु र सो जग्गाले छुने गरी मिनी मार्केटका रुपमा विकास भई सोही मिनी मार्केट अन्तरगतका जग्गाहरु । | प्रति धुर रु २०।- |
| | ६.५ | ज.मा.वि. अगाडीको, महेन्द्र राजमार्ग तथा कोशी राजमार्गले नछुने बाटोको दुबै तर्फका जग्गाहरु । | प्रति धुर रु १५।- |
| | ६.६ | कोशी राजमार्गको आईतवारे मोडबाट भृकुटी मार्गको आईतवारे हुदै महेन्द्र राजमार्ग नछुने सडकको दुबै तर्फका जग्गाहरु । | प्रति धुर रु १५।- |

| | | | |
|---|---|---|---|
| | ६.७ | बीरेन्द्र चौक उत्तर कोशी मार्गबाट पुर्व गएको संगित चौकसम्मको बाटोको दुबै तर्फका जग्गाहरु । | प्रति धुर रु १५।- |
| | ६.८ | ईलाका प्रहरी कार्यालय अगाडी लक्ष्मण मार्ग हुदै बुध चौकसम्म, बुध चोक टेङग्रा पुल देखि पश्चिम, संखधर साख्वा चोक सम्म कोशी राजमार्गले नछोएका जग्गाहरु। | प्रति धुर रु १५।- |
| | ६.९ | कोशी राजमार्ग र महेन्द्र राज मार्गले नछोएका ट्याङ्ग्रा खोला पश्चिमका सवै जग्गाहरु । | प्रति धुर रु १५।- |
| | ६.१० | षडानन्द मार्ग उत्तर षडानन्द मार्गलाई नछुने लिंकेज रोड पुर्व लिंकेज रोडलाई नछुने खेती खोला दक्षिण कोशी टिम्बर देखि पश्चिमका भित्रि बाटामा छोएका जग्गाहरु। | प्रति धुर रु १०।- |
| | ६.११ | रोडमा नछुने सो भन्दा पश्चिम षडानन्द मार्ग उत्तर, षडानन्द मार्गलाई नछुने जग्गा र उपरथि चोक पश्चिमका जग्गाहरु । | प्रति धुर रु १०।- |
| | ६.१२ | कचना मार्ग पश्चिम सो मार्गलाई नछुने कोशी मार्ग पुर्व सो मार्गलाई नछुने साविक वडा नं.६ / ४ सिमाना दक्षिण चतुरलाल मार्ग उत्तर सो मार्गलाई नछुने भित्रि बाटालाई छुने जग्गाहरु । | प्रति धुर रु १०।- |
| | ६.१३ | इटहरी साविक ६/९ सिमाना टेंग्रा पुल पुर्व बुढी खोलासम्मको बाटोमा नछुने तथा महेन्द्र राजमार्ग दक्षिण महेन्द्र राजमार्गलाई नछुने टेंग्रा खोला पुर्व बुढी खोला पश्चिम इटहरी साविक वडा नं. १ का भित्रि बाटामा छुने जग्गाहरु । | प्रति धुर रु १०।- |
| **वडा नं. ७** | ७ | | |
| | ७.१ | वडा नं. ५ सिमाना दक्षिण लिंक रोड गढिघाट चौक पूर्व मलङ्गवा हुँदै खेतिखोला बाँध सम्म मुल बाटोले छोएका दायाँ बाँयाँका जग्गाहरु, | प्रति धुर रु १०।- |
| | ७.२ | प्रकरण७.१ बाहेकका सोही क्षेत्रका शाखाबाटोले छोएका सबै जग्गाहरु, | प्रति धुर रु ७।- |
| | ७.३ | प्रकरण७.१ र ७.२ बाहेकका बाँकी रहेका सोहि क्षेत्रका बाटोले नछोएका सवै जग्गाहरु । | प्रति धुर रु ५।- |
| | ७.४ | **गढिगाट** चौक देखी दक्षिण भरतमिलन चौक हुँदै खेति खोला सम्म लिंकरोडले छोएका जग्गाहरु, | प्रति धुर रु ७।- |
| | ७.५ | प्रकरण ७.४ बाहेकका सोहि क्षेत्रका अन्य भित्री शाखा बाटोले छोएका जग्गाहरु, | प्रति धुर रु ५।- |

| | | | |
|---|---|---|---|
| | ७.६ | प्रकरण ७.४ र ७.५ बाहेकका उपरोक्त छेत्रमा परेका जग्गा बाहेकका बाटोले नछोएका सवै जग्गाहरु, | प्रति धुर रु ३।- |
| | ७.७ | भरत मिलन चौक देखी राम जानकी मन्दिर नहर सम्मका मुल सडकको दायाँ बाँयाँका जग्गाहरु, | प्रति धुर रु ४।- |
| | ७.८ | प्रकरण ७.७ बाहेक शाखा बाटोले छोएका जग्गाहरु, | प्रति धुर रु ३।- |
| | ७.९ | प्रकरण ७.७ र ७.८ बाहेक बाटोले नछोएका सोहि क्षेत्रका सवै जग्गाहरु, | प्रति धुर रु २ |
| | ७.१० | बसपार्क पश्चिम घुर्कि जानेबाटोले छोएका जग्गाहरु, | प्रति धुर रु ७।- |
| | ७.११ | प्रकरण७.१० बाहेक शाखा बाटोले छोएका जग्गाहरु, | प्रति धुर रु ५।- |
| | ७.१२ | प्रकरण७.१० र ७.११ बाहेकका सो क्षेत्रका बाटोले नछोएका सवै जग्गाहरु | प्रति धुर रु ३।- |
| **वडा नं. ८** | ८ | | |
| | ८.१ | कोशी राजमार्ग वडा नं.९/८ सिमाना दक्षिण टेंग्रा खोला कलभर्टसम्म कोशी राजमार्गमा जोडिएका जग्गाहरु । | प्रति धुर रु १५।- |
| | ८.२ | कोशी राजमार्ग पश्चिम इटहरी ९/८ सिमाना दक्षिण देखि पुर्व टोली गैसार पृथ्वी चौक सम्मको सडकमा जोडिएका सडकको दायाँ वायाँका जग्गाहरु । | प्रति धुर रु १२।- |
| | ८.३ | पशुपति चित्र मन्दिर देखि दक्षिण विधुत प्राधिकरणसम्मको मुल सडकमा जोडिएका सडकको दायाँ वायाँका जग्गाहरु । | प्रति धुर रु १२।- |
| | ८.४ | व्यापारिक, प्रमुख आवासीय तथा आवासीय क्षेत्रमा परेका देखि बाहेकका वडा नं ८ का अन्य सबै जग्गाहरु । | प्रति धुर रु १०।- |
| | ८.५ | बाटोले नछोएका सवै बाँकी जग्गाहरु | प्रति धुर रु ५।- |
| **वडा नं. ९** | ९ | | |
| | ९.१ | कोशी मार्गले छोएका दायाँ बाँयाका सवै जग्गाहरु | प्रति धुर रु १५।- |
| | ९.२ | ट्याङ्ग्रा खोला पश्चिम गोल्डेन चौक हुँदै बसपार्क सम्मका हुलाकी मार्गलाई छोएका सबै जग्गाहरु | प्रति धुर रु १२।- |
| | ९.३ | टेंग्रा खोला पुर्व बुढी खोला सम्मका हुलाकी मार्गले छोएका सवै जग्गाहरु | प्रति धुर रु १०।- |

| | | | |
|---|---|---|---|
| | ९.४ | कोशी मार्ग पूर्व हुलाकी मार्ग दक्षिण दुवै मार्गले नछोएका सवै जग्गाहरु | प्रति धुर रु ७।- |
| | ९.५ | कोशी राजमार्ग पश्चिम हुलाकी मार्ग दक्षिण फूलबारी मार्ग पूर्व कोशी र हुलाकी मार्गले नछोएका सवै जग्गाहरु । | प्रति धुर रु ८।- |
| | ९.६ | फूलबारी मार्ग पश्चिम हुलाकी मार्ग दक्षिण दुवै मार्गले नछोएका सवै जग्गाहरु । | प्रति धुर रु ६।- |
| | ९.७ | फूलबारी मार्ग दिपेन्द्र चौक दक्षिण विद्युतप्राधिकारण जानेबाटोको दुवै तर्फका जग्गाहरु । | प्रति धुर रु १०।- |
| | ९.८ | बाटोले नछोएका सवै जग्गाहरु । | प्रति धुर रु ५।- |
| **वडा नं.१०** | १० | | |
| | १०.१ | हाइवे उत्तर दक्षिण कोशी राजमार्गले छोएका जग्गाहरु | प्रति धुर रु १५।- |
| | १०.२ | प्लटिङ्ग लगायत ग्रावेल वाटालाइ छोएका जग्गाहरु | प्रति धुर रु ५।- |
| | १०.३ | ग्रावेल नभएका वाटोले छोएका जग्गाहरु | प्रति धुर रु ३।- |
| | १०.४ | वाटोले नछोएका सबै खेतियोग्य जग्गाहरु | प्रति धुर रु २।- |
| **वडा नं.११** | ११ | | |
| | ११.१ | पुराना तथा प्लटिङ्गका बाटोले छोएका जग्गाहरु | प्रति धुर रु ४।- |
| | ११.२ | बाटोले नछोएका सवै खेतीयोग्य जग्गाहरु | प्रति धुर रु २।- |
| **वडा नं.१२** | १२ | | |
| | १२.१ | कोशी लोकमार्ग हाइवेले छोएका दायाँ बायाँका सवै जग्गाहरु | प्रति धुर रु १५।- |
| | १२.२ | कोशी लोक मार्ग हाइवेले नछुने हाइवे छेउका मुलसडकले छुने जग्गाहरु | प्रति धुर रु ७।- |
| | १२.३ | मुख्य सडक सँग जोडिएका शाखा वाटाहरु र प्लटिङ्ग जग्गाहरु | प्रति धुर रु ५।- |
| | १२.४ | मुल सडक सँग नछुने र शाखा वाटाहरुले नछुने सबै खेति योग्ग जग्गाहरु | प्रति धुर रु ३।- |
| **वडा नं.१३** | १३ | | |

| | | | |
|---|---|---|---|
| | १३.१ | कोशी राजमार्गले छुने दायाँ बायँका जग्गाहरु | प्रति धुर रु १५।- |
| | १३.२ | गणेश मन्दिर देखी सानो नहरसम्मका बाटाका दायाँ बाँयाका जग्गाहरु | प्रति धुर रु ५।- |
| | १३.३ | कच्चि र प्लटिङ्ग बाटोले छुने जग्गाहरु | प्रति धुर रु ३।- |
| | १३.४ | साविक वडा नं १३ का अन्य सम्पुर्ण खेती योग्य जाग्गाहरु | प्रति धुर रु २।- |
| **वडा नं.१४** | १४ | | |
| | १४.१ | साविक वडा नं १५का ग्रावेल तथा प्लटिङ्ग वाटोले छोएका जग्गाहरु | प्रति धुर रु **३**।- |
| | १४.२ | साविक इटहरी न.पा. वडा नं.९ का मुल बाटोलाई छुने जग्गाहरु। | प्रति धुर रु ५।- |
| | १४.३ | साविक इटहरी न.पा. वडा नं.९ का शाखा बाटोलाई छुने जग्गाहरु । | प्रति धुर रु ४।- |
| | १४.४ | सो वाहेक साखा वाटोहरु सँग जोडिने जग्गाहरु | प्रति धुर रु ३।- |
| | १४.५ | अन्य सवै खेती योग्य बाटोले नछोएका जग्गाहरु। | प्रति धुर रु ३।- |
| | १४.६ | साविक वडा न १५ का  अन्य खेति योग्ग बाटोले नछोएका सवै जग्गाहरु | प्रति धुर रु २।- |
| **वडा नं.१५** | १५ | | |
| | १५.१ | शाखा वाटोले छोएका जग्गाहरु | प्रति धुर रु ३।- |
| | १५.२ | शाखा वाटोले नछोएका अन्य सवै खेती योग्य जग्गाहरु | प्रति धुर रु २।- |
| **वडा नं.१६** | १६ | | |
| | १६.१ | राजमार्गले छुने जग्गाहरु | प्रति धुर रु १२।- |
| | १६.२ | बालग्राम चौक देखि बालग्राम सम्म र लविपूर देखी जब्दी मेला सम्मका बाटोले छोएका जग्गाहरु | प्रति धुर रु ५।- |
| | १६.३ | अन्य मुल सडकले छोएका जग्गाहरु | प्रति धुर रु ४।- |
| | १६.४ | अन्य खेती योग्य बाटोले नछोएका सबै जग्गाहरु | प्रति धुर रु २।- |
| **वडा नं.१७** | १७ | | |

| | | | |
|---|---|---|---|
| | १७.१ | पुर्व पश्चिम राजमार्गले छोएका सबै जग्गाहरु | प्रति धुर रु १२।- |
| | १७.२ | कान्छिचौक देखी चतराजानेबाटोको दायाँबायाँले छोएका जग्गाहरु | प्रति धुर रु १०।- |
| | १७.३ | राजमार्ग बाहेक मुल सडकले छोएका सवै जग्गाहरु | प्रति धुर रु ५।- |
| | १७.४ | अन्य शाखा बाटो तथा प्लटिङ्गबाटोले छोएका जग्गहरु | प्रति धुर रु ४।- |
| | १७.५ | बाटोले नछोएका खेती योग्य जमिनहरु | प्रति धुर रु ३।- |
| **वडा नं.१८** | १८ | | |
| | १८.१ | मुल सडकले छोएका सवै जग्गाहरु | प्रति धुर रु ५।- |
| | १८.२ | शाखा बाटोले छोएका सवै जग्गाहरु | प्रति धुर रु ३।- |
| | १८.३ | बाटोले नछोएका सबै खेती योग्य जग्गाहरु | प्रति धुर रु २।- |
| **वडा नं.१९** | १९ | | |
| | १९.१ | भवानीपुर वरीपरी मुलसडक र सहायक सडकले छोएका जग्गाहरु | प्रति धुर रु ५।- |
| | १९.२ | वाँकि सबै वाटोले छोएका जग्गाहरु | प्रति धुर रु ३।- |
| | १९.३ | वाँकी सबै खेती योग्य बाटोले नछोएका खेती योग्ग जग्गाहरु | प्रति धुर रु २।- |
| **वडा नं.२०** | २० | | |
| | २०.१ | कोशी राजमार्गले छोएका जग्गाहरु | प्रति धुर रु १५।- |
| | २०.२ | विहिबारे बजारका जग्गाहरु,तरहरा बजार, शिवालय चौक,चौतारी चौक, बुद्धचौक,विपिचौक,वरीपरीका बाटोले छोएका जग्गाहरु | प्रति धुर रु १०।- |
| | २०.३ | साविक वडा न २४ अरु वाँकी सबै जग्गाहरु | प्रति धुर रु ५।- |
| | २०.४ | बाटोले नछोएका बाँकी सबै जग्गाहरु | प्रति धुर रु ३।- |

**नोट :** नापी सम्पन्न भई नसकेका र मालपोत ऐन, २०३४ लागु नभएका क्षेत्रका जग्गाको हकमा नापी हुनुभन्दा अघिको कित्ताको आधारमा प्रति धुर रु.३। का दरले भूमीकर लिइनेछ ।